**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं**
- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं ।
- विज्ञापन दरमा छुट दिने भए सोसमेत उल्लेख गरौं ।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमा समेत पठाऔं ।
- तोकिएको दर र छुटको सीमामा रही कारोबार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

Kirloskar Oil Engines


अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ असोज ३० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 October 16 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ५४

## एमाले मधेसी विरोधी पार्टी : मन्त्री चौधरी

प्रस, वीरगंज, २९ असोज/

खानेपानीमन्त्री एवं नेपाली काङ्ग्रेसका सहमहामन्त्री उमाकान्त चौधरीले एमाले मधेसीविरोधी पार्टी भएको आरोप लगाएका छन् ।


तस्वीरः प्रतीक

बारा निर्वाचन क्षेत्र नं १ क्षेत्रीय कार्य समितिद्वारा आयोजित चुनावी सभा एवं क्षेत्रीय बैठकमा बोल्दै उनले तराई–मधेसका जनतालाई प्रत्यक्ष फाइदा पुग्ने नागरिकता विधेयक पास गर्न राष्ट्रपतिसँग मिलेर एमालेले अड्काएको आरोप लगाए । उनले एमाले पार्टी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सखाप पारी मुलुकमा एकतन्त्रीय शासन व्यवस्था ल्याउन खोजिरहेको आरोप लगाए । उनले आफ्नो स्वार्थ सिद्धिका लागि दुईतिहाईको सरकार ढालेको एमाले अध्यक्ष केपी ओलीबाट देश विकासको आशा राख्न नसकिने बताए ।

सुखी नेपाली, समृद्ध नेपालको नारा लगाएर नेपाली जनतालाई झुक्याउने कार्य मात्र भएको बताए । उनले मधेस र मधेसी जनताको हकहितका लागि लड्ने एक मात्र नेपाली काङ्ग्रेस भएको दाबी गरे ।

मन्त्री चौधरीले उपेन्द्र यादवको जनता समाजवादी पार्टीले मधेसी जनतालाई धोका दिने काम मात्र गर्दै आएको र अहिलेसम्म सत्ता र शक्तिको पछि लाग्दै आएको आरोप पनि लगाए ।

क्षेत्रीय सभापति विजयशङ्कर यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेस प्रदेशका उपसभापति चन्द्रशेखरकुमार यादव, सदस्यहरू उपेन्द्र जयसवाल, सीता मैनाली, महासमिति सदस्य शम्भुबहादुर बुढाथोकी, मधेसी कुँवर, सिकेन्द्र पासवान, निजगढ नगरपालिकाका पूर्वमेयर सुरेश खनाल, प्रदेशसभा क, ख का उम्मेदवारद्वय रमेश दङ्गाल, नागेन्द्रप्रसाद साह, महिला नेत्री माला लामालगायतले नेका उम्मेदवारहरूलाई विजयी बनाउन आग्रह गरेका थिए ।

## मुख्यमन्त्रीलाई पराजित गर्छु -सर्राफ



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २९ असोज/

प्रदेशसभा निर्वाचन क्षेत्र नं. १ (ख) बाट स्वतन्त्र उम्मेदवारी दिएका ओमप्रकाश सर्राफले चुनाव जित्ने दाबी गरेका छन् ।

शनिवार आयोजित चुनावी कार्यक्रममा बोल्दै सर्राफले जनताको सहयोगमा बहालवाला मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीलाई पराजित गर्ने बताए । उनले विभिन्न भ्रष्टाचार मुद्दामा मुछिएका मुख्यमन्त्री राउतलाई यसपालि हराउनैपर्ने बताए । उनले देशभर स्वतन्त्र उम्मेदवारहरूको लहर चलेकोले स्वतन्त्र उम्मेदवारी दिएको बताए ।

कार्यक्रममा विजय महासेठ, सामाजिक अभियन्ता प्रकाश थारू, गुड्डी जोशी, दुर्गा श्रेष्ठ, जलेश्वर सर्राफ, मनोज साह, जगदीश सर्राफ, गजेन्द्र दासलगायत युवाको सहभागिता थियो ।

## तीनस्थानमा रक्तदान, १६५ जना सहभागी

प्रस, वीरगंज, २९ असोज/

वीरगंजको दुई स्थान र कलैयाको एक स्थानमा गरी शनिवार तीन स्थानमा भएको रक्तदानमा १६५ जना सहभागी भएको रक्तसञ्चार केन्द्र वीरगंजका राजन श्रीवास्तवले बताए ।




वीरगंजको प्रभु हस्पिटलले तेस्रो स्थापना दिवसको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा १३ जना महिलासहित ५४ जनाले रक्तदान गरेको श्रीवास्तवले बताए ।

हस्पिटल परिसरमा आयोजित कार्यक्रममा कृष्ण पण्डित, जमिल अखतर, रन्जित चौरसिया, जेनिसा कार्की, श्रीकिसन साह, रिंकु कुमार, अस्मिता खनाल, अनिल गुप्ता, जगदीश सहनी, सन्दिप मण्डल, सुरज भगत माली, राहुल चौधरी, पवन साह कानू, सुनीलकुमार ठाकुर, अमृत महतो, सुरज मण्डल, शनि मण्डललगायतले रक्तदान गरेको श्रीवास्तवले बताए ।

प्रभु हस्पिटलका सञ्चालक डा. मनोज गुप्ताको अध्यक्षता र पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा डा. लक्ष्मी थापा, दिलीपराज कार्की, भोजपुरी गायक सुनील पण्डितलगायतको सहभागिता थियो ।



तस्वीरः प्रतीक

यसैगरी वीरगंज–११ श्रीपुरको गणेश मन्दिरमा वीरगंज सिटी रोयल युवा क्लबद्वारा आयोजित रक्तदान कार्यक्रमको उद्घाटन पर्सा क्षेत्र नं १ (ख) बाट नेकाका उम्मेदवार रामनारायण कुर्मीले गरेका थिए । कार्यक्रममा ५१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजकी प्राविधिक डिल्लीमाया घिमिरेले बताइन् ।

यसैगरी बारा, कलैया उपमहानगरपालिका–६ भरत चोकमा आयोजित रक्तदान कार्यक्रममा ६० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

## प्रहरी दिवसमा पर्साको विभिन्न पालिकाहरूमा सरसफाइ

प्रस, वीरगंज, २९ असोज/

६७ औं प्रहरी दिवसको उपलक्ष्यमा शनिवार वीरगंजका मठमन्दिरहरूमा सफाइ गरिएको छ ।

प्रहरीले वीरगंज महानगरको वारुणयन्त्रको सहयोगमा बिर्तामाई, अलखियामठ, गहवामाई मन्दिरलगायतको सफाइ गरेको थियो ।

**प्रस, ठोरी/**

६७ औं प्रहरी दिवस २०७९ को उपलक्ष्यमा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत शनिवार पर्सा जिल्लाको विभिन्न पालिकाहरूमा प्रहरीले सरसफाइ कार्यक्रम गरेको छ ।

इलाका प्रहरी कार्यालय, ठोरीले वडा नं २ को टाउनप्लानस्थित वनशक्ति मन्दिर परिसरमा सरसफाइ गरेको कार्यालय प्रमुख प्रहरी निरीक्षक श्रीशङ्कर श्रेष्ठले बताए । प्रहरी, स्थानीय जनप्रतिनिधि र मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरू र गाउँलेको सहभागितामा सो कार्यक्रम गरिएको उनले बताए ।

**प्रमोद यादव, पचगावाँ/**

पटेर्वासुगौली गाउँपालिकामा प्रहरी दिवसको उपलक्ष्यमा सरसफाइ गरिएको छ ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौली र प्रहरी रङ्गपुरटाँडीको संयुक्त आयोजनामा पटेर्वासुगौली गापा–३ हनुमान मन्दिर, शिव मन्दिर र सार्वजनिक चौतारामा सरसफाइ गरिएको वडाध्यक्ष माधवराउत थारूले बताए । इलाका प्रहरी कार्यालय, पटेर्वा सुगौलीका प्रहरी निरीक्षक किशोर आचार्यले ६७ औं राष्ट्रिय प्रहरी दिवसको अवसरमा सरसफाइ एवं सामाजिक कार्य गरी शान्ति सुव्यवस्था कायम गर्न जन समुदायसँग सद्भाव कायम गर्न आग्रह गरे । उनले जनसमुदायको सहयोगमा शान्ति सुरक्षा कायम गर्न सहज हुने बताए ।


ठोरी/


पटेर्वासुगौली/


पोखरिया/

**धमेन्द्र चौरसिया, पोखरिया/**

इलाका प्रहरी कार्यालय, पोखरियाले ६७ औं प्रहरी दिवसको उपलक्ष्यमा पोखरियामा सरसफाइ गरेको छ ।

इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक आयुष जोशीको नेतृत्वमा पोखरियास्थित शिव मन्दिर, हनुमान मन्दिर, पोखरिया अस्पताललगायत सार्वजनिक स्थलमा सरसफाइ गरिएको थियो । कार्यक्रममा वडाध्यक्ष लक्ष्मणसाह कानू, नेपाल रेडक्रस सोसाइटी पोखरियाका सभापति भगवान कुर्मी, एमालेका नेता योगेन्द्र रौनियार, कृष्ण गुप्ता, रामनरेश कलवार, आफताब आलम, नन्दकिशोर यादवलगायत स्थानीय बासिन्दाको सहभागिता थियो ।

## जङ्गली हात्तीको बथानले धानबाली नष्ट गर्‍यो

प्रस, सेढवा, २९ असोज/

पर्सा राष्ट्रिय वनबाट निस्केको जङ्गली हात्तीको बथानले शुक्रवार राति जीराभवानी गाउँपालिकामा किसानले लगाएको धानबाली नष्ट गरेको छ ।

राति करीब १० बजेतिर २०–२५ वटा हात्तीको समूहले जीराभवानी गापा–५ हरैयाका किसान भोलानाथ खनालको एक बिघामा लगाएको भदैया मन्सुली धान बाली नष्ट गरेको छ । छावा पनि रहेको हात्तीको समूहले जङ्गलको सीमामा रहेको पूर्व वडाध्यक्ष सुभाषराउत थारूको पोखरीको डिल भत्काउँदै त्यहाँ जडान

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**'औषधि' औषधिको बोतल र गोली मात्र होइन। केही औषधि यस्ता छन्, जसको उपयोग गर्दा कुनै रोग लाग्दैन। जस्तै–१०. एउटा असल मित्र त औषधिको पसल नै हो।**

| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# मानव जीवनको आधार–संवेदना

संवेदना मानव जीवनको आधार हो संवेदनहीन मानिस पशुवत् हुन्छ र संवेदनशीलताले मानिसमा देवत्वको अभिवृद्धि गर्छ । उच्च भावनाको आधारमा ऊ देवता बन्न पुग्दछ, तुच्छ विचारका कारण ऊ पशुतुल्य हुन्छ र निकृष्ट, पापबुद्धि अँगालेर ऊ असुर र पिशाच बन्न पुग्छ।

कुनै पनि व्यक्ति असल र खराब तबसम्म मात्र रहन सक्छ, जबसम्म उसको सद्बुद्धि क्रियाशील रहन्छ। पाप बुद्धिको प्रकोपबाट यदि मानिसले आफूलाई सम्हाल्न सकेन भने ऊ आफू अँध्यारो खाडलमा त खस्छ नै, अरूलाई पनि पापरूपी हिलोमा डुबाउँछ। विश्वामित्र ऋषिलाई प्रलोभन रुचिकर लागेपछि मेनकाको जालमा फसे।

पराशर केवट–कन्याउपर मोहित भए र आफूलाई सम्हालिरहन सकेनन्। चन्द्रमाले गुरु–पत्नीगमनको पाप बोके र इन्द्रजस्ता देवता अहिल्याको सतीत्व नष्ट गर्ने कुकर्ममा प्रवृत्त भए। भीष्म र द्रोणाचार्यजस्ता विवेकशील मानिस पनि दुर्योधनको अनीतिको समर्थन गर्न थाले।

रामको सेनामा भालु–बाँदरजस्ता दुर्बल प्राणी पनि आफ्नो ज्यानको आहुति दिन सम्मिलित भए। एउटा सानो लोखर्के पनि आफ्नो जीउ धूलोमा लुड्याँएर त्यसलाई समुद्रमा झार्नेजस्तो अनवरत श्रम गरेर समुद्र भरेर रामको सेनाको मार्ग प्रशस्त गर्ने काममा दत्तचित्त लागेको देखियो। यी सबै सद्बुद्धि जागरणका उदाहरण हुन्।

सद्बुद्धिले दुर्बल मानिसमा पनि हजारौं हात्तीको बल आउँछ, तर स्वार्थी बुद्धिले त सेनापतिहरूलाई पनि कायर बनाइदिन्छ। द्रौपदिलाई जनबहुल सभामा नाङ्गो पार्दा भीष्म र द्रोणजस्ता योद्धा नपुंसक बनी हेरिरहे। त्यस बेला उनका मुखबाट एक शब्द निस्केन।

यस लोकमा जेजति सुख–शान्ति, समृद्धि र प्रगति देखिइरहेको छ, ती सबै सद्भावना र सत्प्रवृत्तिको परिचय हो र जति पनि अप्ठ्यारा, पीडा र कठिनाईहरू देखिन्छन्, तिनको मूलमा दुर्बुद्धिको विष–बीज फलिफुलिरहन्छ।

सयौं–हजारौं वर्ष बिते पनि पुराना ऐतिहासिक भवन चट्टानजस्तै आज पनि अडिग उभिएका छन्, तर हामीले बनाएको बाँध, स्कूल, पुल, यता बनेर तयार हुन पाएका हुँदैनन् उता भत्कन शुरू भइसक्छन्।

आज सामान र ज्ञान दुवै पहिलेको अपेक्षा उच्चकोटीका छन्, पर त्यस लगनको कमी टडकारो देखिन्छ जसले गर्दा प्राचीनकालमा मानिस स्वल्प साधन भएर पनि ठूला–ठूला बलिया भवनहरू बनाउन सक्थे। भारतका कुतुबमीनार, ताजमहल, आबूका जैन मन्दिरहरू, मीनाक्षीका देवालय, अजन्ताका गुफा तथा मिश्रका पिरामिड र चीनको पर्खालले, बौद्धिक ज्ञान मात्र होइन, उत्कृष्ट वस्तु निर्माण गर्ने भावनाको प्रमाण प्रस्तुत गर्दछन्।

**हामीले वर्तमान दुर्दशाबाट माथि उठ्नका लागि जनमानसमा गहिरोसम्म सद्बुद्धि स्थापना गर्नुपर्छ। यसै आधारमा विश्वव्यापी सुख–शान्तिको वातावरण बनाउन सम्भव हुनेछ। संवेदना नै यसको एक मात्र आधार हुन सक्दछ।**

मशीन, कारखाना, नहर, बाँध र सडकहरूको आधारमा हाम्रो सुख–शान्ति वृद्धि हुँदैन। यिनीबाट केही आम्दनी बढ्न सक्छ, तर बढेको त्यस आम्दानीबाट अनर्थमात्र बढ्छ। के देखिएको छ भने कारखानाका मजदूर र अरू श्रमिक सारा पैसा रक्सी, तम्बाकू, सिनेमा आदिमा खर्च गर्छन्।

आम्दानी बढ्दै जाँदा थरीथरीका नचाहिंदा खर्चका साधन पनि बढ्दै जान्छन्। जसले उच्च पारिश्रमिक पाउँछ ऊ पनि अभाव र कम भएको गीत गाउँछ। धनी मानिसको व्यक्तिगत, पारिवारिक, सामाजिक जीवन क्लेश र द्वेषले भरिएको हुन्छ। पैसाका साथै दुर्गुण पनि बढ्दै जाँदा त्यो धन विपत्तिको कारण बन्न पुग्छ।

आर्थिक उन्नतिका साथै विवेकशीलता र सत्प्रवृत्तिहरूको अभिवृद्धि पनि अवश्य हुनुपर्छ। यदि यस दिशामा उपेक्षा गरियो भने प्रगतिका लागि आर्थिक सुविधा बढाउने जुन प्रयत्न भइरहेको छ, त्यो हाम्रो समस्या समाधानमा कदापि समर्थ हुन सक्दैन। जबसम्म मजदूरले इमानदारीले काम गर्दैन, तबसम्म कुनै पनि कारखाना उँभो लाग्न सक्दैन। जबसम्म चीज असल र बलियो बनाइँदैन, त्यसबाट खरीद गर्ने व्यक्तिलाई लाभ हुनेछैन। जबसम्म खरीदकर्ता र व्यापारी मिलावट, कम नापतौल, मुनाफाखोरी छाड्दैनन्, तबसम्म व्यापारको स्थिति दयनीय नै रहन्छ। सरकारी कर्मचारीले जबसम्म अहङ्कार, घूस, कामचोरी र घोटाला गर्ने प्रवृत्ति त्याग्ने छैनन् तबसम्म शासनतन्त्रको उद्देश्य पूरा हुने छैन।

सत्प्रवृत्ति यी वर्गमा अहिले त्यति देखिएको छैन, जति देखिनुपर्थ्यो। यही कारण हो कि हाम्रो प्रगति अवरुद्ध बनेको छ। साधनको कमी छैन। आज जति ज्ञान, धन र श्रम–साधन हामीसँग उपलब्ध छ, त्यसको सदुपयोग हुने हो भने सुख–सुविधामा कैयौं गुना अभिवृद्धि हुने थियो।

आत्मकल्याणको लक्ष्यपूर्ति त सर्वथा सत्प्रवृत्तिहरूमा नै निर्भर छ। ईश्वरको साक्षात्कार, स्वर्ग एवं मुक्ति प्राप्त गर्नु केवल तिनका लागि सम्भव छ, जसको विचार र कार्य उच्चकोटिको आदर्शवादी एवं परमार्थपरक भावनाले ओतप्रोत छन्। कुकर्मी र पापवृत्तिमा डुबेका मानिसले जतिसुकै धार्मिक कर्मकाण्ड किन नगरून्, जतिकै भजन–पूजन किन नगरून्, तिनले ईश्वरको दरबारमा प्रवेश पाउने छैनन्।

भगवान् घट–घटवासी हुन्, उनी भावनाहरूलाई कसीमा घोट्छन् र हाम्रो प्रवृत्तिहरूलाई राम्ररी बुझेका छन्, उनलाई कुनै बाह्य उपचारले बहकाउन सकिन्न। उनी कसैमाथि तब मात्र कृपा गर्छन्, जब भावनाको उत्कृष्टताको परीक्षा गर्छन्। उनलाई भजनभन्दा बढी भाव प्रिय छ। भावनाशील व्यक्ति भजनविना पनि ईश्वरलाई प्राप्त गर्न सक्छ, तर भावनाविहीन व्यक्तिका लागि केवल भजनको बलमा लक्ष्यप्राप्ति सम्भव हुन सक्दैन।

लौकिक र पारलौकिक, भौतिक र आत्मिक कल्याणका लागि उत्कृष्ट भावनाहरूको अभिवृद्धि नितान्त आवश्यक छ। प्राचीनकालमा जब पनि अनर्थकारी समय आएको छ, त्यसको मूलमा मानिसको स्वार्थपरता एवं पापबुद्धि नै थियो र जब–जब सुख–शान्तिको आनन्दमय वातावरण फैलिएको थियो, सद्भावनाको बाहुल्य मूल कारण रहेको थियो।

आज पनि हाम्रा लागि त्यही मार्ग शेष छ। यस अतिरिक्त न कुनै मार्ग पहिलो थियो न पछि रहने छ। हामीले वर्तमान दुर्दशाबाट माथि उठ्नका लागि जनमानसमा गहिरोसम्म सद्बुद्धि स्थापना गर्नुपर्छ। यसै आधारमा विश्वव्यापी सुख–शान्तिको वातावरण बनाउन सम्भव हुनेछ। संवेदना नै यसको एक मात्र आधार हुन सक्दछ।

# व्यापार सहजीकरणमा उदासीन सरकार

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

सरकार व्यापार सहजीकरणमा कति लाचार र गैरजिम्मेवार छ भन्ने कुराको भेउ पाउन औद्योगिक र आर्थिक नगरसँग सरोकार राख्ने केही असहजताको सूक्ष्म विश्लेषणमात्र पनि पर्याप्त हुन्छ। वीरगंज देशको मुख्य नाका हो। आयात–निर्यातको केन्द्रमात्र नभएर यो देशभरिका लागि अधिकांश वस्तु आपूर्तिको मुहान पनि हो। यहाँ व्यापार सहजीकरणका लागि भनेर देशकै ठूलो र पहिलो आइसिपी सञ्चालनमा छ। देशकै पहिलो रेलमार्गसित जोडिएको सुक्खा बन्दरगाह पनि यसै क्षेत्रमा छ। तर कैयौं यस्ता पूर्वाधार छन्, जुन सरकारको सानो प्रयासले ठूलो असहजता समाधानको उपाय बन्न सक्दछन्। त्यस्ता पूर्वाधारको प्रबन्धमा सरकारले ध्यान नदिंदा आयात निर्यात सकसमा जेलिन पुगेको छ।

विगत ५ वर्षदेखि वीरगंज नाकामा डस्टी कार्गो व्यवस्थापनमा सरकारी उदासीनता यसको उदाहरण हो। आयातकर्ताले अनेक समस्या झेल्दै आएका छन्। भारतीय भन्सारले बारम्बार सूचना निकालेर रक्सौल–वीरगंज नाकाबाट हुने सबै आयातनिर्यात आइसिपीबाट मात्रै हुने बताएसँगै आयातकर्ताको दौडधूप शुरू हुन्छ। पछिल्लोपटक पनि असोज ३० देखि आइसिपीबाट मात्र आयात–निर्यात हुने सूचना निकालिएको थियो। तर, फेरि भारतको विदेश मन्त्रालयले यस्तो समयसीमालाई जनवरी १ सम्म तन्काइदिएको छ। यसले आयाकर्ताको चिन्ता केही मत्थर त गरेको छ, तर स्थायी समाधान निस्केको छैन। भारतीय निकायले सूचना निकाल्ने र आयातकर्ताको हारगुहारले केही समय थामथुमको सिलसिला चलिरहेको छ। भारतीय भन्सारको यो सूचनाले डस्टी कार्गो ढुवानीको विषय फेरि सकसमा जेलिएको छ। सूचनाले प्रत्येकपटक आयातकर्तालाई तनाव थपेको छ।

यो सतहीरूपमा आयातकर्ताको समस्याजस्तो लागे पनि यसको अन्तिम भार भनेको उपभोक्तामैं पर्ने हो। सामान्य गणित छ, कुनै पनि वस्तु ढुवानी गर्दा १ रुपियाँ बढी खर्च भयो भने त्यो खर्च व्यापारीले वस्तुको मूल्यमा जोड्छ। खासमा व्यापारी भनेको माध्यममात्र हो। तर हामीकहाँ यस तथ्यलाई ठीकसँग बुझ्ने प्रयाससमेत भएको छैन। यसको समाधान त्यति जटिल पनि होइन। तर, त्यसको निम्ति तत्परता चाहिं ठूलो कुरा हो।

वीरगंजको आइसिपी पूर्णरूपमा सञ्चालनमा आएको ४ वर्ष बित्यो। तर, आज पनि सबै कारोबार त्यो संरचनाको छातामुनि जान सकेको छैन। भारतले दुवैतर्फ समान संरचना बनाइदिएको छ। यसो त भारत र हाम्रो आवश्यकता फरक छ। नेपालबाट भारततर्फ सीमित वस्तुमात्र निकासी हुने हो। भारतबाट नेपालको ९० प्रतिशत वस्तु नेपाल भित्रिन्छ भने दुवैतर्फ एकै खालको संरचना उपयुक्त हुँदैन। भारतलाई निकासी सहज हुने पूर्वाधार बनाउनुपर्दछ भने नेपालका लागि आयात सहजीकरण हुने संरचना चाहिन्छ। हाम्रो अधिकांश आपूर्ति आयातकै भरमा चलेकोले पनि आयातलाई कसरी सहज गर्न सकिन्छ, त्यसमा ध्यान दिन आवश्यक छ। यो कुरा आइसिपी निर्माणकै बेलामा सुल्झाउनुपर्ने हो। त्यति बेलै हाम्रो आवश्यकता यो हो, यस्तो संरचना बनाइदेऊ भनेर भारतलाई सहमत गराउन सकिने थियो। यसो भएको भए अहिले डस्टी कार्गो ल्याउनेदेखि यात्रु आवागमन खुलाउनेसम्मका कुरामा समस्या आउने थिएन। न गोदामको अभावमा आइसिपी सञ्चालन असहज हुने अवस्था देखिने थियो। फोकटमा पाएपछि अलकत्रा पनि खान खोज्ने र पछि पछुताउने परिपाटी ठीक होइन। अब आइसिपी बनिसकेपछि हामीलाई अपुग भएको संरचना बनाउने जिम्मा हाम्रै हो। तर, यसबीच दाताको सहयोग र आफ्नै खर्चमा सरकारले एकाध गोदाम बनाउनेबाहेक आयात–निर्यातमा फाइदा पुग्ने गरी उल्लेख्य कुनै पूर्वाधार तयार पारेको जानकारी अहिलेसम्म छैन।

नेपालतर्फ डस्टी कार्गो व्यवस्थापनको उपयुक्त स्थान तयार नभएकोले आयातकर्ता समस्यामा पर्ने अवस्था आएको छ। यस अघि कहिले भारतको रक्सौलका स्थानीय बासिन्दा त कहिले भारतीय निकायको कदमबाट आयातकर्ता आजित हुँदै आएका छन्। ५ वर्ष अघि रक्सौलका स्थानीयको अवरोधका कारण त्यहाँ क्लिंकर लोड–अनलोड बन्द भएको थियो। त्यस बेला स्वदेशी भूभागमैं डस्टी कार्गो व्यवस्थापनका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले अध्ययन पनि गरेको थियो। त्यसबेला तीनवटा स्थान विकल्पका रूपमा सुझाइएको थियो। तर, त्यो सुझाव त्यसै सेलाएर गयो। त्यसपछिका दिनमा भारतीय पक्षले रक्सौलबाट लोड–अनलोड हटाउन समयसीमा दिने र उद्योगी व्यापारीहरू नेताको दैलोदैलोमा कुदने काम चलिरहेको छ। प्रत्येकपटक सूचना निकाल्ने र व्यापारी ढोकाढोका कहिलेसम्म दौडिने? नेता र मन्त्रालयमात्र होइन, व्यापारीहरूले भारतीय अधिकारीहरूलाई हारगुहार लगाउने र त्यसको बदलामा केही दिन थमौति हुने सिलसिला चलिरहेको छ। स्थायी समाधान पाउने सङ्केतसम्म देखा परेको छैन।

यति मात्र होइन, रेल्वे लाइनसमेत जोडिएको सुक्खा बन्दरगाह सञ्चालकले डस्टी कार्गो व्यवस्थापनको पूर्वाधार तयार पारेर सञ्चालनको अनुमति माग्दासमेत सरकारले सहयोग गरेको छैन। जबकि यो काम त सरकारले गर्नुपर्ने हो। बन्दरगाह सञ्चालकलाई यसको पूर्वाधार मिलाउन भन्नुपर्ने हो। नेपाल इन्टर मोडल यातायत विकास बोर्ड सहजकर्ताको भूमिकामा समेत दरिन सकेको छैन। शुरूमा बन्दरगाहमा यो कार्गो व्यवस्थापनका स्थानीयले अवरोध गर्न सक्ने सम्भावनालाई ध्यानमा राखेर स्थानीय सरकारसँग समन्वय थालेको बोर्ड अहिले पछि हटेको छ। स्थानीय सरकारलाई सहमत गराउन बन्दरगाह सञ्चालकलाई अघि सारेर आफू पछि हटेको छ। अन्य ठाउँमा कसरी व्यवस्थापन भएको छ भन्ने कुरा अध्ययन गर्ने कुरा पनि आएको थियो। त्यो तत्परता पनि हराएर गयो। व्यापार सहजीकरणका लागि स्थानीय सरकारले पनि वातावरण बनाउन सक्छ। स्थानीयको सरोकारलाई पनि सम्बोधन गर्नुपर्दछ। आज प्रविधिको युगमा प्रविधि प्रयोग गरेर असर न्यूनीकरण गर्न नसकिने होइन। आइसिपी सुक्खा बन्दरगाह जग्गा अधिग्रहण गरेर क्षेत्र बढाउने र पूर्वाधार व्यवस्थापन गर्ने भन्ने थियो। तर, अहिलेसम्म त्यो हुन सकेको छैन। यतिसम्म कि आधा दशक बितिसक्दा मुआब्जाको विषयसमेत टुङ्गो लाग्न सकेको छैन। यसले बन्दरगाह र आइसिपी भन्सार एकीकृत गर्ने योजना पनि अघि बढेको छैन।

**यस कार्यमा त्यति ठूलो समस्या छैन। रक्सौलमा अनलोड हुने कार्गोलाई त्यहाँबाट आइसिपीसम्म लैजाने एउटा गतिलो सम्पर्क सडकको अभावमा यो सकस दोहोरिइरहेको छ। त्यो मुश्किलले एक किलोमीटर सडक नबन्दा समस्या पेचिलो बन्दै गएको छ।**

आइसिपी सञ्चालनमा आएको ४ वर्षमा यो नाकाको अधिकांश आयात–निर्यात यही एकीकृत पूर्वाधारमार्फत हुन थालेको छ। तर कोइला, आइरन ओर, स्ल्यागजस्ता डस्टी कार्गो र केही परिमाणमा आइरन ब्लेड, आइरन रोललगायत औद्योगिक कच्चा पदार्थ पुरानै रक्सौल (मितेरीपुल, वीरगंज) बाट भित्रिने गरेको छ। रेलबाट आउने नून र मलखादसमेत रक्सौलमैं अनलोड भएर आउँछ। अहिले भारतले पटकपटक सूचना निकाल्ने र स्थगित गर्ने काम गर्दा सरकारको भूमिका केवल रमितेजस्तो देखिएको छ। यसमा त्यति ठूलो समस्या छैन। रक्सौलमा अनलोड हुने कार्गोलाई त्यहाँबाट आइसिपीसम्म लैजाने एउटा गतिलो सम्पर्क सडकको अभावमा यो सकस दोहोरिइरहेको छ। त्यो मुश्किलले एक किलोमीटर सडक नबन्दा समस्या पेचिलो बन्दै गएको छ। यो सडक विस्तारमात्र हुने हो भने रक्सौलबाट दैनिक ३०० देखि ४०० को हाराहारीमा यस्तो सामानका टक आइसिपीमा जानु ठूलो कुरा होइन। भारतीय भूभागमा पर्ने त्यो सडक नेपालले कूटनीतिक पहलबाट छिटो बनाउनुपर्दछ। यो नेपालको समस्या भएकोले यसमा भारतको चासो नहुनु स्वाभाविक हो। तर, हाम्रो सरकार अस्वाभाविकरूपमा मौन देखिनु चाहिं बुझ्न नसक्नु विषय बनेको छ।

# पर्सागढीमा सत्तारूढ गठबन्धन दलको चुनावी सभा

प्रस, बिरुवागुठी, २९ असोज/

पर्सागढी नगरपालिका–१ खसियाही गढिमाई, निर्वाचन क्षेत्र नं २ (क) मा




सत्तारूढ गठबन्धनका दलहरूले चुनावी भेला सम्पन्न गरेका छन्।

पर्सा क्षेत्र नं २ (क) प्रदेश सभापति बेदमनदास थारूको अध्यक्षतामा भएको भेलाका प्रमुख अतिथि नेकाका केन्द्रीय सदस्य तथा क्षेत्र नं २ का सत्तारूढ गठबन्धनका उम्मेदवार अजय चौरसियाले देशमा संविधानको रक्षा, लोकतन्त्रको रक्षा र विकास समृद्धिको लागि पाँच दलीय गठबन्धन बनेको र यही गठबन्धनका उम्मेदवारहरूलाई विजयी गराउन आग्रह गरे।

प्रदेशसभामा (क) बाट उम्मेदवार नेकाका श्यामप्रसाद पटेल, प्रदेशसभा (ख) का उम्मेदवार रमेशप्रसाद कुर्मी, नेका पर्साका उपसभापति सर्जुक महतो, माओवादी केन्द्रका क्षेत्रीय इन्चार्ज अमिताभबच्चन दास, इन्चार्ज बालकृष्ण श्रेष्ठ, नेकपा एसका वीरगंज महानगरका अध्यक्ष मनोज चौधरी, सत्यनारायण दास थारू, महिलानेत्री सरस्वती भट्टराई, लोसपाका केन्द्रीय सदस्य मौलाना साबिर अन्सारी, नितेश मिश्रा, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष नेत्रप्रसाद पौडेललगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा स्वागत अरुणप्रकाश रेग्मी र सहजीकरण बलिराम शुक्लाले गरेका थिए।

## गाँजाको बेर्ना नष्ट

प्रस, ठोरी, २९ असोज/

ठोरी गाउँपालिका–४ विजयबस्तीमा साढे तीन कठ्ठा जग्गामा लगाइएको



गाँजा खेती प्रहरीले नष्ट गरेको छ।

प्रहरी चौकी विजयबस्तीको टोलीले विजयबस्तीको गुम्बालाइन, गोरखपुरलाइन, ठाडोलाइनमा रोपिएको गाँजा खेती नष्ट गरेको हो। प्रहरीले सो क्षेत्रमा साढे तीन कठ्ठा जग्गामा लगाइएको बेर्ना नष्ट गरेको जनाएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# टर्कीमा खानी विस्फोट : २८ जनाको मृत्यु


अमासरा, टर्की, २९ असोज/एएफपी

उद्धारकर्ताहरूले शनिवार उत्तरी टर्कीमा कोइलाको खाडलमा फसेका एक दर्जनभन्दा बढी खानी कामदारको उद्धार गरेका छन्। खानीमा मिथेन विस्फोटमा परी कम्तिमा २८ जनाको मृत्यु भएको थियो।

"हाम्रा ५८ खानी कामदार सकुशल बाहिर निस्कन सफल भएका छन् भने १५ जना अझै फसिरहेको अनुमान छ। उनीहरूलाई बचाउने प्रयास गरिरहेका छौं"–आन्तरिकमन्त्री सुलेमान सोयलुले जानकारी दिएका छन्।

सोइलुले यस अघि टर्कीको सबैभन्दा घातक औद्योगिक दुर्घटनामध्ये एक सो दुर्घटनामा करीब ११० कामदार काम गरिरहेका थिए।

ऊर्जामन्त्री फातिह डोनमेजका अनुसार विस्फोटपछि एउटा सुरुङमा आगो लागेको थियो। विस्फोटबाट प्रभावित सुरुङहरू जमीनबाट करीब ३०० र ३५० मिटर तल रहेको अनुमान गरिएको छ।



तस्वीरः एएफपी

स्वास्थ्यमन्त्री फहरेटिन कोकाले यस अघि सकुशल बाहिर निकालिएका ११ जनाको अस्पतालमा उपचार भइरहेको ट्वीट गरेका थिए। केही कामदार विस्फोटपछि आफैं बाहिर निस्कन सफल भएका थिए भने केहीको उद्धार गरिएको थियो। घटनापछि टेलिभिजनमा हृदयविदारक तस्वीरहरू देखाइएका थिए जसले घटनालाई नजीकबाट नियाल्न सहयोग पुगेको थियो। रासस

# कन्डम दिवसमा र्‍याली, कोणसभा

प्रस, वीरगंज, २९ असोज/

२८ औं राष्ट्रिय कन्डम दिवस वीरगंजमा विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ।



तस्वीरः प्रतीक

नेपाल रेडक्रस सोसाइटीको आयोजना तथा विजाम, नेपाल अराधना समाज, सहयात्री समाज, सानो पाइलालगायत संस्थाको सहयोगमा घण्टाघरबाट र्‍याली निकालेर नगरपरिक्रमा गरी पुनः घण्टाघरमा कोणसभा भएको थियो।

दोहोरो सुरक्षाका लागि कन्डमको पहुँच बढाऔं भन्ने नाराका साथ निस्केको र्‍यालीको उद्घाटन प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले गरेका थिए।

नेरेसो पर्साका मन्त्री शैलेन्द्र चौरसियाको अध्यक्षतामा भएको कोणसभामा वीरगंज महानगरका सुनीलकुमार कुर्मीले महानगरको सबै स्वास्थ्य केन्द्रहरू निशुल्क कन्डम व्यवस्था गरिएको बताए। उनले असुरक्षित यौन सम्बन्ध राख्दा हुने विभिन्न खाले रोगबाट जोगिन र परिवार नियोजनका लागि कन्डम प्रयोग गर्न सुझाए।

स्वास्थ्य कार्यालयका अनिलकुमार यादवले कन्डमको विषयमा सबैजना सचेत हुन जरूरी भएको बताए।

उनले सुरक्षित यौन कार्यका लागि कन्डम प्रयोग गर्नेहरू विभिन्न रोगको खतराबाट जोगिने बताए। उनले कन्डमको पहुँच बढाउन आग्रह पनि गरे।

कोणसभाको सहजीकरण विजामका नीरज साह गरेका थिए।

# दक्षिण पश्चिम पाकिस्तानमा विस्फोट, ३ जनाको मृत्यु, ४ घाइते

इस्लामाबाद, २९ असोज/सिन्ह्वा

पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तको मस्तुङ जिल्लामा शुक्रवार साँझ एउटा गाडीमा बम विस्फोट हुँदा कम्तीमा तीनजनाको मृत्यु हुनाका साथै अन्य चारजना घाइते भएका स्थानीय अधिकारीले बताएका छन्।


घटनास्थलमा क्षतिग्रस्त सवारीसाधन। तस्वीरः सिन्ह्वा

मस्तुङ जिल्लाका डेपुटी कमिश्नर सुल्तान बुगतीले जिल्लाको काबु क्षेत्रमा स्थानीय आदिवासी नेताको गाडीमा सडक किनारमा बम विस्फोट भएको सञ्चारमाध्यमलाई बताएका छन्।

अघिल्लो दिन अज्ञात बन्दुकधारीले गोली हानेर मारिएका व्यक्तिको शव सार्न जाने क्रममा गाडीमा आक्रमण भएको थियो। सुरक्षा बल र उद्धार टोली घटनास्थलमा पुगेर शव र घाइतेलाई अस्पताल ल्याएका थिए।

बम सडक छेउमा राखिएको र रिमोट कन्ट्रोल यन्त्रबाट विस्फोट गराइएको अधिकारीले बताएका छन्। अहिलेसम्म कुनै समूह वा व्यक्तिले आक्रमणको जिम्मा लिएको छैन। रासस

# ७७ जिल्लामा फैलियो डेंगु, ४७ को मृत्यु

काठमाडौं, २९ असोज/रासस

डेंगु सङ्क्रमण ७७ वटै जिल्लामा फैलिएको छ।

डेंगुबाट हालसम्म ४७ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। गत साउनदेखि हालसम्म ३८,९१८ जनामा डेंगु पुष्टि भएको छ।

डेंगु सङ्क्रमण रोक्ने प्रतिकार्य तीव्र पारिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार आज ५२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। १,७६३ नमूना परीक्षण गर्दा सो सङ्ख्यामा कोरोना सङ्क्रमण पुष्टि भएको हो। आज १६ जना कोरोना सङ्क्रमणमुक्त भएका छन्। सक्रिय सङ्क्रमितको सङ्ख्या ६६७ छ।

नेपालमा हालसम्म १० लाख १२३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। ९,८७,४३८ कोरोना सङ्क्रमणमुक्त भएका छन्। १२,०१८ जनाको कोरोना सङ्क्रमणबाट ज्यान गएको छ। आज ३०,८७६ जनाले कोरोना सङ्क्रमण विरुद्ध खोप लगाएका छन्। हालसम्म दुई करोड ३२ लाख आठ हजार चार सय ८४ जनाले खोपको पहिलो मात्रा, दुई करोड २३ लाख २४ हजार नौ सय ३३ जनाले पूर्ण मात्रा र ७९ लाख ७२ हजार सात सय ९१ जनाले अतिरिक्त मात्रा लगाएका छन्।

# भारतका विदेशमन्त्री इजिप्ट भ्रमणमा

कायरो, २९ असोज/एएनआई

भारतका विदेशमन्त्री एस जयशङ्कर इजिप्ट भ्रमणमा आएका छन्।



कायरोमा महात्मा गाँधी प्रतिमा अगाडि श्रद्धाञ्जली अर्पण गर्दै भारतका विदेशमन्त्री एस जयशङ्कर। तस्वीरः एएनआई

दुई दिने भ्रमणका लागि उनी शनिवार इजिप्टको राजधानी कायरो आइपुगेका हुन्। उनले भ्रमणको प्रारम्भमैं विदेश मामिला विज्ञ तथा सरोकारवालासँग छलफल गरेका छन्।

उनको यो इजिप्ट भ्रमण पहिलो भएको भारतको विदेश मन्त्रालयका अधिकारीहरूले जानकारी दिएका छन्।

दुई देशको सम्बन्ध थप बलियो बनाउन, सहकार्यका क्षेत्र विस्तार गर्न र दुई पक्षीय हितबारे छलफल गर्न उनी इजिप्ट भ्रमणमा आएको बताइएको छ।

उनले भ्रमणका क्रममा इजिप्टका आफ्ना समकक्षीसहित सरकारी उच्च अधिकारीहरूसँग अन्तर्राष्ट्रिय चासो र साझा चासो तथा सरोकारका विषयमा पनि छलफल गर्ने जनाइएको छ।

भ्रमणका क्रममा उनले इजिप्टमा रहेका भारतीयहरूसँग पनि अन्तर्क्रिया गर्ने कार्यक्रम रहेको अधिकारीहरूले जानकारी दिएका छन्।

इजिप्टका विदेशमन्त्री सामेह हसन शौक्रीको निमन्त्रणमा भारतका विदेश मन्त्री जयशङ्कर इजिप्ट भ्रमणमा गएका हुन्। रासस

# सपना बोकेर आएकी थिएँ, असाध्यै खुशी छु –चौधरी

– कृष्ण दवाडी

कास्की, २९ असोज/रासस

बर्दियाकी २४ वर्षीया सरस्वती चौधरीले खेल्न शुरू गरेको १२ वर्षभन्दा बढी भयो।



सरस्वती चौधरी

विद्यालयमा पढ्दै गर्दा राष्ट्रपति रनिङ शिल्डमा सहभागी भएर उनले जिल्लास्तरीय प्रतियोगिता खेल्न शुरू गरिन्।

जिल्लामा राम्रो गरेपछि उनी विभागीय टोलीको नजरमा परिन्। नेपाली सेनामा आबद्ध भएपछि चौधरीलाई खेलका लागि अझ राम्रो वातावरण मिल्यो। विभागीय टोलीमा रहेर खेलकूदमा लागिरहँदा चौधरीको खेल जीवनमा आज ठूलो सफलता मिलेको छ।

पोखरा रङ्गशालामा नवौं राष्ट्रिय खेलकूदको एथलेटिक्स अन्तर्गत महिला १०० मिटर दौडमा यस अघिको कीर्तिमान तोड्दै सरस्वतीले स्वर्ण पदक जितेपछि उनी असाध्यै खुशी छिन्।

सरस्वतीले १२.१३ सेकेन्डमा दौड पूरा गरेर राष्ट्रिय कीर्तिमान बनाउँदा उनको खेल जीवनमा उत्साह थपिएको छ। यस अघि हिटमा लुम्बिनी प्रदेशका निशा चौधरीले १२.१५ सेकेन्डको कीर्तिमानलाई फाइनलमा सरस्वतीले तोडिन्। निशाले निर्धारित दूरी पूरा गर्न १२.२२ सेकेन्डको समय लगाएकी थिइन्।

यस अघि देवीमाया पनेरूको नाममा रहेको १२.१९ सेकेन्डको राष्ट्रिय कीर्तिमान निशाले १२.१५ सेकेन्डमा पूरा गर्दै नयाँ कीर्तिमान बनाएकी थिइन्। यस अघि दाङमा भएको आठौं राष्ट्रिय खेलकूदमा पनि उनले स्वर्ण पदक हासिल गरेकी थिइन्। त्यस बेला उनले १२.१९ सेकेन्डमा निर्धारित दूरी पार गरेकी थिइन्। आठौंदेखि नै उनको मनमा नयाँ कीर्तिमान कायम गर्नुपर्दछ भन्ने लागिरह्यो ठ्याक्कै आजै रेकर्ड राख्छु भन्ने चाहिं नसोचेको बताइन्।

उनले भनिन्–"जिल्लास्तरमा खेल्दादेखि नै सबैले तिमी राम्रो गर्छ्यौ भन्थे, मैले पनि आफूलाई कमजोर सोचेकी थिइनँ। राष्ट्रिय कीर्तिमानको सपना बोकेर नै प्रतियोगिता खेल्न आएकी हुँ। सक्छु कि सक्दिनँ भनेर मनमा लागिरहन्थ्यो। कीर्तिमान बनाउँदा अहिले असाध्यै खुशी छु।"

चौधरी आफ्नो खेल जीवनको सफलतामा धेरै गुरुको साथ रहेको बताउँछिन्। कीर्तिमान राख्नका लागि ठूलो मेहनत गरेको भन्दै उनले यसलाई कायमै राख्न थप मेहनत गर्ने बताइन्।

"जिल्लास्तरीय प्रतियोगितामा विद्यालयबाट विक्रमचन्द गुरुले ल्याउनुभयो।

पछि आर्मी ज्वाइन गरेपछि त्यहाँ खेलको राम्रो वातावरण बन्यो, पछि ओलम्पिकसमेत खेलें"–चौधरीले भनिन्। उनी विसं २०७४ देखि विभागीय नेपाली सेनामा आबद्ध छिन्।

यसैगरी पुरुषतर्फको १०० मिटर दौडमा सशस्त्र प्रहरीका शिवराज पार्कीले राष्ट्रिय कीर्तिमानसहित स्वर्ण जितेका छन्। उनले निर्धारित दौड १०.५६ सेकेन्डमा पूरा गरे। पार्कीले यस अघि सन् १९९९ मा रामकृष्ण चौधरीले १०.७१ सेकेन्डको कीर्तिमान तोड्दै नयाँ कीर्तिमान कायम गरेका हुन्। एथलेलिक्टमा एकैदिन सात स्वर्ण पदकको छिनोफानो भएको छ।

आजदेखि पोखरामा थप विभिन्न १२ खेल भएका छन्। असोज २३ देखि केही खेल शुरू भएका थिए भने अधिकांश खेल उद्घाटनपछि शुरू भएका हुन्। प्रतियोगिता अन्तर्गतका केही खेल असोज २३ देखि नै शुरू भएका थिए। अधिकांश प्रदेशका आठ जिल्लामा खेल भइरहेका छन्।

आगामी कात्तिक ३ गतेसम्म सञ्चालन हुने राष्ट्रिय खेलकूदमा ३६ र दुई प्रदर्शनी गरी ३८ खेल समावेश गरिएको छ। प्रतियोगितामा सात प्रदेश, तीन विभागीय र एनआरएनको एक गरी ११ टोलीका ६,१५७ जना खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन्।

## आजको राशिफल

| | |
|---|---|
| मेष | विजय |
| वृष | रोगभय |
| मिथुन | व्यापारवृद्धि |
| कर्कट | शत्रुभय |
| सिंह | कार्यनाश |
| कन्या | भयचिन्ता |
| तुला | राज्यलाभ |
| वृश्चिक | कान्तिक्षय |
| धनु | व्यापारवृद्धि |
| मकर | शत्रुभय |
| कुम्भ | कार्यनाश |
| मीन | भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# एक्काइस हजारभन्दा बढी श्रीलङ्काली बाढीको चपेटामा

कोलम्बो, २९ असोज/सिन्ह्वा

बाढीको चपेटामा परेर दक्षिण एशियाली राष्ट्रहरूमा ठूलो जनधनको क्षति भइरहेको खबर सार्वजनिक भइरहेको बेला श्रीलङ्कामा आज दुईजनाले ज्यान गुमाएका, ५,२१२ परिवारका २१,८८८ जना पीडित भएका केन्द्रीय विपद् व्यवस्थापन केन्द्रले जनाएको छ।

केन्द्रका अनुसार बाढीबाट देशका विभिन्न ११ जिल्लामा १२० घरमा क्षति भएको छ। हम्बनटोटा, गाले, टिङ्कोमाली, किलीनोच्ची, गाम्पाहा, राजधानी कोलम्बो, पुट्टलम र क्यान्डी अधिक प्रभावित भएका छन्। २६४ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। रासस

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# एमालेका उम्मेदवारसँग चौतारीको अन्तर्क्रिया

प्रस, वीरगंज, २९ असोज/

प्रेस चौतारी, नेपाल पर्साको आयोजनामा शनिवार पर्सा जिल्लाबाट एमालेका उम्मेदवारहरूसँग अन्तर्क्रिया भएको छ।

नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाको सभाहलमा सम्पन्न अन्तर्क्रियाका वक्ताहरूले एमाले र जसपासँग चुनावी तालमेल भएकोले दुवै पार्टीका उम्मेदवारहरूलाई जिताउने वातावरण सिर्जना गर्न आग्रह गरेका थिए।

मुख्यतः एमालेका उम्मेदवारहरूलाई चौतारीसँग आबद्ध पत्रकारहरूले चुनावी माहौल बनाउन र उनीहरूलाई विजयी गराउन अग्रणी भूमिका खेल्न आग्रह गरिएको थियो।

प्रेस चौतारी नेपाल पर्साका अध्यक्ष श्याम बञ्जाराको अध्यक्षतामा भएको कार्यक्रममा एमाले प्रचार विभागका सदस्य महेश दास, मधेस प्रदेशका इन्चार्ज कमल उपाध्याय, पर्सा–बाराका इन्चार्ज एवं केन्द्रीय सदस्य शत्रुघ्न नेपाल, अच्युत पौडेल, नेपाल पत्रकार महासङ्घका सदस्य केसी लामिछानेले एमालेका उम्मेदवारहरूलाई चुनावमा विजयी गराउन भूमिका खेल्न पत्रकारहरूसँग आग्रह गरेका थिए।

कार्यक्रममा पर्सा क्षेत्र नं. ३ र ४ बाट प्रतिनिधिसभाका उम्मेदवार राजकुमार गुप्ता, जालिम मियाँ, प्रदेशसभा सदस्यका उम्मेदवारहरू विचारी यादव, हरेराम पटेल, मन्जुर आलम र जयप्रकाश थारू, पर्सा इन्चार्ज प्रभु हजारालगायतले मन्तव्य व्यक्त गरेका थिए।



तस्वीरः प्रतीक

कार्यक्रमको सहजीकरण सचिव राजेन्द्रसिंह नेपालीले गरेका थिए।

# भारतमा नेपाली मदिरा बरामद

रामेश्वर मेहता, सिम्रौनगढ, २९ असोज/

बारा, सिम्रौनगढ नजीक सिमावर्तित भारतको घोडासहन प्रहरीले नेपाली मदिरा बरामद गरेको छ। बिहारमा मदिरा निषेध भएकोले नेपालबाट तस्करीको माध्यमबाट पुऱ्याइएको ११९२ बोतल सौफी र ४५ बोतल गोल्डेक ओक मदिरा प्रहरीले नियन्त्रणमा लिएको हो।



घोडासहन शहरको बलान चोक भारतीय प्रहरीले गरेको कारबाईमा अटो कारमा रहेको मदिरा बरामद भएको बताइएको छ। प्रहरी कारबाईमा तस्करहरू भाग्न सफल भएका र कारबाट मदिरा बरामद भएको भारतीय प्रहरीले जनाएको छ।


## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं।
- अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं।
- विज्ञापन प्राप्त गर्न अनुचित दबाव र प्रभाव नपारौं।
- निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







# प्रदेश नं १ र मधेस प्रदेशबाट मतपत्र ढुवानी सुरु

काठमाडौं, २९ असोज/रासस

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको छपाइ भएको मतपत्र प्रदेश नं १ र मधेस प्रदेशबाट ढुवानी शुरू गरेको छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि हालसम्म खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, उदयपुर, सप्तरी, महोत्तरी, धनुषा, सिरहा, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ र सुनसरीमा उक्त मतपत्र ढुवानी भएको छ।

उक्त प्रणालीका लागि कुल चार करोड छ लाख पाँच हजार मतपत्र छपाइ भएको थियो। प्रतिनिधिसभातर्फको समानुपातिक प्रणालीका लागि दुई करोड चार लाख २१ हजार मतपत्र छपाइ भएको छ भने सातवटै प्रदेशका लागि समानुपातिकतर्फ दुई करोड एक लाख ८४ हजार मतपत्र छपाइ सम्पन्न भएको छ।

पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि आजसम्म १७ लाख मतपत्र छपाइ भएको आयोगले जनाएको छ।

## जङ्गली हात्तीको बथान....

गरिएको बोरिङसमेत उखेलेको स्थानीयले जानकारी दिएका छन्। धानको बाला खाँदै माडेर क्षति गरेको किसान खनालले बताए। धानको बीउ, खनजोत, रासायनिक मल, कीटनाशक औषधि, तथा सिंचाइमा हजारौं रुपियाँ खर्च गरेको र बाली भित्र्याउने बेला हात्तीले क्षति पुऱ्याउँदा समस्या आइपरेको उनले बताए।

हात्तीको समूह प्रायः राति प्राय आउने र किसानको बाली क्षति पार्ने गरेको प्रहरी चौकी हरैयाका प्रसनि वकिलसिंह यादवले बताए। उनले अधिकांश किसानले धान भित्र्याइसके तापनि बाँकी किसानलाई मर्का परेको बताए।

# खेलकूदको संसार

## नवौं राष्ट्रिय खेलकूद : टेनिसमा आर्मीका दुवै टोली फाइनलमा

कास्की, २९ असोज/रासस

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत टेनिसको ‘टिम इभेन्ट’तर्फको प्रतिस्पर्धामा विभागीय नेपाली सेनाका दुवै टोली फाइनलमा प्रवेश गरेका छन्। यसैगरी आयोजक गण्डकी प्रदेश पनि फाइनलमा प्रवेश गरेको छ।


पोखरा रङ्गशालाको टेनिस कोर्टमा पुरुष डबल्सतर्फको विधामा प्रतिस्पर्धा गर्दै खेलाडी। तस्वीरः रासस

नेपालको शीर्ष वरीयताका टेनिस खेलाडी प्रदीप खड्काको टोली आयोजक गण्डकी र सेनाको टोलीले पुरुषतर्फ फाइनलमा स्थान बनाएका छन्। यसैगरी महिलातर्फ नेपाली सेना र सशस्त्र प्रहरीको एपिएफले फाइनलमा स्थान बनाए।

पोखरा रङ्गशालाको टेनिस कोर्टमा आज भएको खेलमा टिम इभेन्ट विधाको पुरुष एकल विधामा गण्डकीका खड्काले सशस्त्रका सन्तोष खत्रीलाई ६–३, ६–३ सेटमा पराजित गरे। यसैगरी गण्डकीका अनिल शाही र सशस्त्रका आयुष्मान घलेबीच सम्पन्न खेलमा ६–१, ६–० सेटमा शाही विजयी भए। पुरुष डबल्सतर्फको प्रतिस्पर्धामा गण्डकीका आशिष कुमार र सौगात विकेको जोडीले एपिएफका निश्चल र श्रीयोगको जोडीमाथि ४–१, ४–२ सेटको जित निकालेपछि गण्डकीले फाइनलमा स्थान बनाउन सफल भएको हो।

यसैगरी पुरुष एकलको अर्को खेलमा पुलिसका आर्यन गिरीले आर्मीका एकी रावतलाई ६–२, ६–४ को सेटमा पराजित गरे। आर्मीका प्रनभ खनाल र पुलिसका प्रनभ मानन्धरबीच भएको खेल ६–३, ६–१ को सेटमा खनाल विजयी भए। पुरुष डबल्सतर्फ आर्मीका प्रनभ र एकीको जोडीले पुलिसका आर्यन र प्रनभको जोडीलाई ६–२, ७–६ को सेटमा पराजित गरेपछि आर्मीले फाइनलमा स्थान पक्का गरेको हो।

टिम इभेन्टको महिला एकलतर्फको प्रतिस्र्धामा आर्मीका इरा रावत र अभिलाषा विष्ट विजयी भए। उनीहरूले क्रमशः पुलिका प्रशंसा मोक्तान र पुलिसका इसा डोल्लकर गुरुङलाई पराजित गरे। महिला डबल्सतर्फ पुलिसका आइसा र प्रशंसाको जोडीले आर्मीका इसाश्री र सुभाङ्गीको जोडीलाई पराजित गरे। महिला एकलतर्फ एपिएफका सुनिरा थापा र सर्भानी श्रेष्ठ विजयी भए। डबल्सतर्फ सर्भानी र डिब्नाको जोडीले वाग्मतीका प्रकृति र रायानाको जोडीलाई पराजित गरेपछि एपिएफ टिम इभेन्टको फाइनलमा प्रवेश गर्न सफल भयो।

यसैगरी व्यक्तिगत इभेन्टको पुरुष एकलतर्फ मधेस प्रदेशका राजवीर प्रधान एनआएरएनएका कृष्ण थापालाई पराजित गरी प्रिक्वार्टरफाइनलमा प्रवेश गरे। पुरुष डबल्सतर्फ एनआरएनएको आरभ र डावाको जोडी, पुलिसका प्रनभ र आर्यनको जोडी, गण्डकीका आशिष र सौगात तथा लुम्बिनीका रितिक र सक्षमको जोडी क्वार्टरफाइनलमा प्रवेश गर्न सफल भयो।

यसैगरी महिला डबल्सतर्फ एपिएफको सुनीता र सर्भानीको जोडी तथा वाग्मतीका प्रकृति र रायानाको जोडी अन्तिम चारमा पुगेको छ। मिक्स डबल्सतर्फ गण्डकीका सौगात विके र श्रीया भट्टराईको जोडी र वाग्मतीका रोजन र अजयको जोडी क्वार्टरफाइनलमा प्रवेश गरेको नेपाल टेनिस सङ्घका कार्यालय प्रमुख प्रवीण देवकोटाले जानकारी दिए।

## ह्यान्डबलमा गण्डकी र सेनालाई स्वर्ण पदक

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत ह्यान्डबलमा पुरुषतर्फ आयोजक गण्डकी प्रदेश र महिलातर्फ विभागीय नेपाली सेनाले स्वर्ण पदक जितेका छन्।

गण्डकी प्रदेशको राजधानी शहर पोखरामा यही असोज २४ गतेदेखि जारी ह्यान्डबल प्रतिस्पर्धाको आज सम्पन्न फाइनलमा गण्डकीले स्वर्ण जितेको हो। जारी नवौं राष्ट्रिय खेलकूदमा गण्डकीको यो पहिलो स्वर्ण हो। यस अघि आठौं राष्ट्रिय खेलकूदमा पनि गण्डकीले ह्यान्डबलमा स्वर्ण जितेको थियो।

पुरुषतर्फको फाइनल खेलमा गण्डकीले विभागीय आर्मीमाथि ४३–३६ गोल अन्तरको जीत निकाल्न सफल भयो। प्रतियोगितामा उपविजेता बनेको सेनाले रजत पदक पायो। फाइनल खेलमा उत्कृष्ट प्रदर्शन गरेका पुरुषतर्फ गण्डकीका




गोलरक्षक विशाल नेपाली र महिलातर्फ सेनाका देवु सापकोटालाई गण्डकी प्रदेशका निवर्तमान सदस्य सचिव तेज गुरुङ र भारतीय ओलम्पिक कमिटीका कोषाध्यक्ष आनन्देश्वर पाण्डेले जनही रु १०/१० हजार प्रदान गरे।

प्रतियोगितामा विभागीय सशस्त्र प्रहरीको एपिएफले कांस्य पदक जितेको छ। एपिएफले तृतीय स्थानका लागि भएको खेलमा लुम्बिनी प्रदेशलाई पराजित गरेको हो।

यसैगरी महिला ह्यान्डबलमा विभागीय सेनाले स्वर्ण पदक जितेको छ। सेनाले अर्को विभागीय टोली एपिएफलाई १७–१६ गोलले हराउँदै स्वर्ण जित्न सफल भयो। प्रतियोगितामा एपिएफले रजतपदक जित्दा गण्डकी प्रदेशले कांस्य पदक जितेको छ। नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत गण्डकीका आठ जिल्लामा ३६ खेल सञ्चालन भइरहेका छन्।

## साइक्लिङमा सेनालाई दुई स्वर्ण पदक

गण्डकी प्रदेशको राजधानी शहर पोखरामा जारी नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत महिला तथा पुरुष साइक्लिङ ‘डाउनहिल विधा’को दुवै स्वर्ण नेपाली सेनाले जितेको छ।

पोखराको रानीवनमा आज आयोजित प्रतिस्पर्धामा महिलातर्फ सेनाका निष्मा श्रेष्ठले २’२३.५८’’ सेकेन्डमा निर्धारित दूरी पार गरी स्वर्ण जितिन्। साइक्लिङको डाउनहिलमा सेनाकै उषा खनाल २’३७.४५’’ सेकेण्डमा निर्धारित दूरी पार गरी रजत पदक प्राप्त गर्दा आयोजक गण्डकी प्रदेशकी जमुना थापाले २’४०.०९’’ सेकेण्डमा पूरा गर्दै कांस्य पदक जितिन्।

यसैगरी पुरुषतर्फको डाउनहिल प्रतिस्पर्धामा सेनाका राजेश मगरले १’४९.१०’’ सेकेन्डमा पूरा गर्दै स्वर्ण जिते। वाग्मती प्रदेशका निरभ श्रेष्ठले १’५२.१०’’ सेकेन्डमा पूरा गर्दै रजत पदक र सशस्त्र प्रहरी बल एपिएफका प्रतीक थापामगरले १’५५.६९’’ सेकेन्डमा निर्धारित दूरी पार गरी कांस्य पदक पाए।

नवौं राष्ट्रिय खेलकूदको प्रतियोगिताको बृहत् उद्घाटनको भोलिपल्ट आजदेखि पोखरामा थप विभिन्न १२ खेल भइरहेका छन्। यही असोज २३ गतेदेखि केही खेल शुरू भएकोमा अधिकांश खेल उद्घाटनपछि भएका हुन्। पोखरासहित प्रदेशका अन्य जिल्लामा पनि केही खेल यस अघि नै शुरू भएका छन्।

पोखरा रङ्गशालामा एथलेटिक्स, ब्याडमिन्टन, स्क्वास, उसु, आर्चरी, सफ्ट टेनिस रङ्गशालाको टेनिस कोर्ट र पोखरा सभागृहमा शारीरिक सुगठनको खेल भएको खेलस्थल व्यवस्थापन उपसमितिका संयोजक राजेश गुरुङले बताए।

यसैगरी पोखराको फिस्टेल एकेडेमीमा पौडी, कोल्माबहाकोट समाजघरमा टेबलटेनिस, पोखरा उद्योग वाणिज्य सङ्घको हलमा भारत्तोलन, प्याराग्लाइडिङ पोखराको सराङकोट र महिला पुरुष रग्वी लेखनाथमा खेलाइएको हो।